म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २५० | मंगलबार, ९ बैशाख २०८२ | ने. सं. ११४५ चौलागा | 22 April 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## १६ जनाले गरे रक्तदान

हेटौंडा, ८ बैशाख/नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा, हेटौंडा-४ द्वारा गरेको रक्तदान कार्यक्रममा १६ जनाले रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखाका सभापति किशन घिसिङको अध्यक्षता एवम् हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता रहेको थियो । नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाका उपमन्त्री शिबहरि दाहालको बिशेष आतिथ्यता, नेरेसो मकवानपुरका कार्यालय प्रमुख लक्ष्मण भट्टराई, श्रमिक माविका विब्यस अध्यक्ष बिबेक कार्की, नेरेसो मकवानपुरका पूर्वउपसभापति उमेश बास्कोटालगायत विभिन्न संघसंस्थाको प्रतिनिधि एवम् युवा रेडक्रस सर्कलका पदाधिकारी, सदस्यहरुको उपस्थिति रहेको थियो । उपशाखाको नियमित कार्यक्रमको रुपमा रक्तदान कार्यक्रमको आयोजना गरिएको उपशाखाका सभापति घिसिङले जानकारी दिए । बिपदको समयमा रेडक्रसको आबस्यक्ता र महत्व अझ धेरै रहेकोले केही समयभित्र युवा, विद्यार्थी तथा शिक्षकको सहभागीतामा बिपद ब्यबस्थापन तथा प्राथमिक उपचारको तालिमको आयोजना गर्ने योजना रहेको उपशाखा सचिव हिक्मत श्रेष्ठले बताए ।

### गौरीटार रंगशालाको स्वरुप फेरियो

# पौडीपोखरी र क्रिकेट रंगशाला निर्माणकार्यमा तीव्रता

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ २०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले गौरीटार रंगशालामा केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माणको शिलान्यास गरेका थिए ।

एक दशक भन्दा लामो समयसम्म रंगशाला सरकारको उपेक्षामा रह्यो । २०७४ सालमा देश संघीय संरचनामा गएसँगै रंगशाला केन्द्रीय सरकार वा प्रदेश सरकार कसको मातहातमा रहने भन्ने विवाद नटुगिंदा निर्माणकार्य अलपत्र परेको थियो । तर, रंगशाला प्रदेश मातहात नै आउने भएपछि तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको सरकारले रंगशाला निर्माणको कामलाई अगाडि बढाइएको थियो । प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा अघि बढाउँदै लगानी गर्नुका साथै प्रदेश खेलकुद विकास परिषद्ले अपनत्व लिएपछि खेलकुदको संरचना निर्माणको कामले तीव्रता पाएको हो । अहिले रंगशालाको स्वरुप नै फेरिएको छ ।

गौरीटार रंगशालामा अहिले अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको क्रिकेट रंगशाला, पौडीपोखरी र फुटबल रंगशालालगायत खेलका पूर्वाधार तीव्रगतिमा निर्माण भइरहेका छन् । प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दीपेन्द्र लामाका अनुसार प्रदेश सरकारको २० करोड रुपैयाँ लगानीमा पौडीपोखरी र क्रिकेट रंगशालाको संरचना निर्माण तीव्रगतिमा भइरहेको छ । आगामी असारसम्म निर्माण सम्पन्न गर्ने गरी दुईवटा ठूला साना पौडी पोखरी निर्माणकार्य अन्तिमचरणमा पुगेको छ ।



८ करोड ६२ लाख ६१ हजारमा स्विमिङ पुल निर्माणका लागि प्रदेश सरकारले पीएम-एसकेसी जेभी कन्स्ट्रक्सनले ठेक्का सम्झौता गरेको थियो । यस्तै, क्रिकेटमैदान निर्माणका लागि एसएसपी-एचकेसी जेभीले ११ करोड ७४ लाखमा सम्झौता भएको थियो । 'पछिल्लो समय पौडीपोखरीको निर्माण सम्पन्न हुने चरणमा छ, सम्भवत: यही आर्थिक वर्षभित्र सम्पन्न हुन्छ होला' सदस्यसचिव लामाले भने 'क्रिकेट पिचमा पनि दुबो रोप्ने काम र पेभेलियन निर्माण काम केही दिनमै सुरु हुनेछ ।' क्रिकेट रंगशालाको पहिलोचरणमा ११ करोड ७४ लाख रुपैयाँको लगानीमा मैदान र प्यारापिट निर्माण गरिएको छ ।

ग्राउण्डमा दुबो लगाउने काम बाँकी रहेको छ भने, पिच, स्कोरबोर्ड, भिभिआइपी कक्ष, खेलाडी चेंजिङ रुम, ब्रोडकास्टिङ र मिडियाकक्षजस्ता संरचना निर्माणको योजना रहेको छ । सदस्यसचिव लामाको अनुसार प्यारापिट सहितको फुटबलमैदान तयार भइसकेको छ । इन्डोर खेलको लागि पनि इन्डोर कभर्डहल बनाउने चरणमा रहेको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ । २३ विघा क्षेत्रफलमा फैलिएको गौरीटार रंगशालाको पूर्ण निर्माणपछि यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने सम्भावना रहेको छ । यसले खेलप्रेमीहरुमा ठूलो उत्साह थपेको छ ।

एन्फाका केन्द्रीय सदस्य समेत रहेको जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष टीका लामाले खेलमैदान व्यवस्थित हुन जरुरी रहेको बताए । 'खेलमैदानले खेलकुदको विकासमा ठुलो भूमिका निर्वाह गर्दछ' उनले भने । भौतिक संरचनाको विकास नभई खेलकुदको पनि विकास हुन नसक्ने उनको बुझाई छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई बन्दप्रशिक्षणमा राख्ने उद्देश्यसहित निर्माण गर्न लागिएको यस रंगशालामा फुटबल, भलिबल, क्रिकेटमैदान, पौडीपोखरी, छात्रावास, प्रशासनिक भवनलगायतको संरचना निर्माण गर्ने परिषद्को योजना छ ।

हेटौंडामा हुने फुटबल प्रतियोगिता हेटौंडा उपमहानगर पालिका-४, स्थित फरेष्ट्री क्याम्पसको चौरमा हुने गरेको थियो । हेटौंडा उपमहानगरपालिका-५ स्थित पिप्लेक्याम्प मिनी रंगशालामा पनि प्रतियोगिता भए । तर, सुविधा सम्पन्न र रंगशाला प्रचारप्रसार गर्न भन्दै फुटबल संघले २०८० माघ १६ गतेदेखि २७ गतेसम्म गौरीटार रंगशालामा मकवानपुर गोल्डकपको आयोजना गरेको थियो । पुरुष गोल्डकप घाटामा गएपनि संघले यसैवर्ष २०८२ वैशाख १९ गतेदेखि सातौं शहिदस्मृति स्थानीय तह मकवानपुर राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगिताको आयोजना गर्दैछ ।

हेटौंडामा प्रथम अन्तर नगर खेलकुद प्रतियोगिता-२०३९ हुने समयमै गौरीटारमा अत्याधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्ने घोषणा गरिएको थियो । चार दशक अघि गौरीटार रंगशालामा खेलकुदको अभ्यास गर्ने सपना देखेका कतिपय खेलाडीले यो संसारबाट बिदा लिइसकेका छन् । कतिपय खेलाडीले खेलजीवनबाट सन्यास लिइसकेका छन् । खेलाडीका लागि प्रशिक्षण, अभ्यास तथा प्रतिस्पर्धा सञ्चालन गर्न, युवापुस्तामा खेलप्रतिको लगाव बढाउनका लागि यो रंगशाला बहुउपयोगी बन्ने अपेक्षा प्रदेशबासीमा रहेको छ ।

समयमै संरचना निर्माणकार्य पूरा गरेर खेलक्षेत्रलाई चलायमान बनाउनसके गौरीटार रंगशाला वास्तवमै प्रदेशकै गौरव बन्नेमा दुईमत छैन । पछिल्लो समय प्रादेशिक संरचनामाथि नै प्रश्न उठिरहेको समयमा प्रदेश सरकारकै अगुवाई हुने यस्ता कामले ती प्रश्नहरुलाई पक्कै पनि निर्मुल पार्ने देखिन्छ ।

# स्वास्थ्य संस्था दर्ता र नवीकरणको प्रक्रिया अघि बढ्यो

साझाकुरा संवाददाता




हेटौंडा, ८ बैशाख/ बागमती प्रदेश सरकारले विद्युतीय प्रणालीमार्फत स्वास्थ्य संस्था दर्ता/ नवीकरणको प्रक्रिया अघि बढाएको छ ।

प्रदेश सरकारले संशोधित प्रदेश स्वास्थ्य ऐन २०७५ कार्यान्वयन गर्दै स्वास्थ्य संस्थाको दर्ता र नवीकरणको प्रक्रिया विद्युतीय प्रणालीमार्फत् सुरु गरेको हो । मन्त्रालयले ऐन अनुसार अनलाइनबाटै स्वास्थ्य संस्था दर्ता तथा नवीकरण गर्ने कार्य गर्नेगरी प्रविधि तयार गरेको थियो । गत फागुनमा मात्र सुरुवात गरिएको प्रविधिबाट मन्त्रालयले निजी स्वास्थ्य संस्थाहरुको दर्ता तथा नवीकरणको काम अघि बढाएको हो । अनलाइनबाट प्राप्त निवेदनका आधारमा मन्त्रालयले स्वास्थ्य संस्थाको अनुगमन गरेको छ ।

स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुमित्रा गौतमको नेतृत्व टोलीले काठमाडौंको नर्भिक इन्टरनेशनल अस्पतालको अनुगमन गरेको थियो । २ सय शैयाको अस्पताल सञ्चालनको अनुमति रहेको नर्भिकले नवीकरणका लागि अनलाइन मार्फत आवेदन दिएको थियो । सोही आवेदनका आधारमा सचिव डा. गौतमको नेतृत्वको टोलीले अनुगमन गरेको हो । मन्त्रालयद्वारा निर्मित विद्युतीय प्रणालीमार्फत अनुमति, नवीकरणका लागि नर्भिकको आवेदन परेपछि अनुगमन गरिएको मन्त्रालयका सूचना अधिकारी डा. रविन भुषालले जानकारी दिए ।

नर्भिकको वैधानिक व्यवस्था, उपचार सेवा, जनशक्ति व्यवस्थापन, स्वास्थ्य प्रयोगशाला, सङ्क्रमण रोकथाम, विपद् व्यवस्थापन लगायतका मापदण्डहरु निरीक्षण गरेको सूचना अधिकारी भुषालले बताए । टोलीले अस्पतालको भौतिक संरचना, सरसफाइ, बिरामी सेवाप्रणाली तथा स्वास्थ्य सुरक्षा मापदण्डको समेत निरीक्षण गरेको उनले बताए । अनुगमनका क्रममा नर्भिक अस्पतालका प्रमुख कार्यकारी अधिकृत अजयकुमार मिश्रले अस्पतालको हालको सेवा, सञ्चालन प्रक्रिया र आगामी विस्तार योजनाबारे विस्तृत जानकारी गराएका थिए ।

उनले २०२५ भित्र नयाँ अत्याधुनिक भवन निर्माण गरी सेवा विस्तार गर्न लागिरहेका र यसले नेपालको निजी स्वास्थ्यक्षेत्रमा गुणस्तरीय सेवा अझै थप्ने उल्लेख गरे । अनुगमन पछि स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. खगेश्वर गेलालले अनुगमन नियमित प्रक्रिया भएको बताए । स्वास्थ्य संस्थाले निर्धारित मापदण्ड पालना गरे वा नगरेको सुनिश्चित गर्न अनुगमन आवश्यक रहने उनले बताए । अनुगमनपछि मन्त्रालयले दिएको प्रारम्भिक प्रतिक्रियामा अस्पतालको सेवा मापदण्ड सन्तोषजनक रहेको र अनुमति नवीकरण प्रक्रिया सम्बन्धित प्राविधिक मूल्यांकनपछि अघि बढाइने प्रवक्ता डा. गेलालले बताए ।

## संस्कृत वेद विद्याश्रमलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ नेपाल निजामती कर्मचारी संगठन, मकवानपुर कार्यसमितिले संगठन स्थापना दिवसको अवसरमा संस्कृत वेद विद्याश्रमलाई सहयोग गरेको छ ।

संगठनको ३५ औं स्थापना दिवसको अवसरमा हेटौंडा-१० गोरक्षश्वरस्थित वेद विद्याश्रमलाई शैक्षिक, खाद्यान्नलगायतका सामग्री सहयोग गरेको हो । संगठन मकवानपुर अध्यक्ष यादविन्द्र पौडेलको नेतृत्वको समितिको टोलीले कापी, कलम, चामल, दाल, तेल, नुन र सिलिङ फाइन गरी ३३ हजार रुपैयाँ बराबरको सामग्री विद्याश्रमलाई हस्तान्तरण गरेको हो । सहयोग कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्यसमिति तथा राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था मकवानपुरबाट विद्याश्रमलाई प्रत्येक वर्ष २४ हजार रुपैयाँ सहयोग गर्ने निर्णय भएको अध्यक्ष पौडेलले जानकारी दिए ।

पौडेलको अध्यक्षता र संगठन केन्द्रीय उपाध्यक्ष विष्णुप्रसाद अर्यालको प्रमुख आतिथ्यतामा भएको सहयोग हस्तान्तरण कार्यक्रममा जिल्ला कार्यसमितिका पदाधिकारी लगायतकाको सहभागिता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

हार्दिक बधाई तथा शुभकामना



नेपाल अडिटर्स एसोसिएसन (अडान) बागमती प्रदेश समितिको हालै सम्पन्न सातौं प्रदेश अधिवेशनबाट अध्यक्ष पदमा **श्री रामकुमार बतौंला** ज्यू निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवम् कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछुं ।

राजेन्द्र ढुंगाना (उप-महासचिव)
नेपाल अडिटर्स एसोसिएसन (अडान)
केन्द्रीय कार्यसमिति

साझाकुरा

## हाम्रो कुरा

# योजना छनोटमा सहजीकरण

संघ, प्रदेश र स्थानीय तहले तोकिएको समयभित्र नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था छ । यसअनुसार, संघीय सरकारले १५ जेठमा, प्रदेश सरकारले १ असार र स्थानीय सरकारले असार मसान्तभित्र बजेट ल्याइसक्नुपर्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको बजेट सम्बन्धित नगर तथा गाउँसभामा १० असारभित्र पेश गर्नुपर्ने व्यवस्था छ । मकवानपुरका १० पालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सरकार मार्फत १ अर्ब २३ करोड २२ लाख रुपैयाँ राजश्व बाँडफाँडबाट अनुदान पाउने भएका छन् । चैत्र १८ गतेको मन्त्रिपरिषद् बैठकले २०८२/८३ देखि २०८६/८७ सम्मका लागि प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँडको विस्तृत आधार र ढाँचा स्वीकृत गरेको थियो । बागमती प्रदेश सरकारले समपुरक अनुदानको लागि स्थानीय सरकारलाई ७ वर्गमा वर्गीकरण गरेको छ ।

प्रदेश सरकारले जारी गरेको प्रदेश समपुरक अनुदानसम्बन्धी कार्यविधि २०८१ म स्थानीय सरकारलाई वर्गीकरण गरेको हो । पालिकालाई ७ वर्गमा वर्गीकरण गरी त्यसैको आधारमा २० देखि ८० प्रतिशतसम्म प्रदेशबाट समपुरक अनुदान वितरण गरिने आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । वर्गीकरण अनुसार मकवानपुरको १० स्थानीय तहमध्ये ५ वटा पालिकाको समपुरक बजेट बढ्ने, ३ वटा पालिकाको घट्ने र २ वटा पालिकाको साविककै रहने उल्लेख छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा जुट्न थालेका स्थानीय सरकारलाई उत्कृष्ट योजना छनोट, आर्थिकस्रोत वृद्धि र व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर जिल्ला समन्वय समिति मकवानपुरले सहजीकरण गरेको छ । मकवानपुरको पर्यटकीयस्थल चित्लाङमा आयोजना गरिएको प्रदेश तथा स्थानीय तहको योजना छनोटसम्वन्धी कार्यक्रमको आयोजना गरेर जिससले स्थानीय सरकारका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतलाई योजना छनोट र आर्थिक व्यवस्थापनका विषयमा अर्न्तक्रिया गरेको हो । कार्यक्रममा नेपाल सरकारका पूर्वसचिव तथा प्रशासनविद् डा. दामोदर रेग्मीले स्थानीय सरकारले योजना छनोट कसरी गर्ने ?, आर्थिक स्रोतको वृद्धि कसरी गर्ने ? आर्थिक स्रोतलाई कसरी परिचालन गर्ने भन्ने विषयमा सहजीकरण गरेको थिए । अहिले स्थानीय सरकारको योजना छनोट र बजेट निर्माण प्रक्रिया नै गलत रहेकाले सुधार्नुपर्ने  अवस्था छ ।

योजनाको बैंक बनाएरमात्र बजेट परिचालन गर्नुपर्ने पाबधान भएपनि अहिले हचुवाको भरमा योजना छनोट र बजेट निर्माण भइरहेका छन् । बागमती प्रदेश सरकारले योजना बैंक बनाएर काम गर्ने अभ्यासको सुरुवात गरेको छ । स्थानीय सरकारले पनि योजना बैंक बनाएर र पञ्चवर्षीय रणनीति निर्माण गरेर काम गर्नुपर्ने हुन्छ । स्रोत व्यवस्थापन गरेर आवश्यकताका आधारमा योजनाको छनोट हुनुपर्ने, तीन तहको सरकारबीच योजना छनोटमा सहकार्य नहुँदा एउटै योजनामा तीनै तहले आआफ्नै हिसाबबाट काम गर्ने परिपाटी रहेको छ । स्थानीय तहबाट योजना छनोट सहीरुपमा गर्ने र स्थानीय तहबाट असम्भव योजना प्रदेश तथा संघमा पठाउने योजनामा वर्गीकरण नभएसम्म समस्या समाधान नहुने निश्चित छ । योजना छनोटमा स्थानीय तह र प्रदेशबीच रहेको अन्यौलतालाई हटाउन कार्यक्रमको आयोजना गरिएको बताइएको छ । आगामी आर्थिक वर्षको योजना छनोटमा जुट्न लागेका स्थानीय तहले अहिलेसम्म गरेका अभ्यास, परेका कठिनाई र समाधानका उपायहरु खोज्न कार्यक्रमले सहजीकरण गरेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख १० गते बुधबार २३ अप्रिल २०२५ । दशमी, बैशाख कृष्णपक्ष । चौलागा ११४५ ने.सं. । सूर्योदय ५:३४, सूर्यास्त ६:३२ । विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस । पासाङ ल्हामु स्मृति दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नचिताएको काम सम्पन्न हुनेछ | तुला | : यात्राबाट नोक्सान हुनेछ |
| वृष | : मिहिनेतको फल मिल्नेछ | वृश्चिक | : घाउचोट लाग्न सक्नेछ |
| मिथुन | : स्वास्थ्यमा खराबी आउनेछ | धनु | : जग्गा जमिनबाट लाभ हुनेछ |
| कर्कट | : शुभ कामको संकेत मिल्नेछ | मकर | : सोचेभन्दा बढी खर्च हुनेछ |
| सिंह | : शरीरमा केही आलश्य हुनेछ | कुम्भ | : मित्रतामा कमी आउनेछ |
| कन्या | : सफलता मिल्न गाह्रो छ | मीन | : कामको जिम्मेवारी बढ्नेछ |

# भत्केको विकास, भड्किलो उद्घाटन



✍नारायण अधिकारी (नयन)

प्रधानमन्त्री ओंलीले हालै पूर्व-पश्चिम राजमार्गअन्तर्गत भरतपुर महानगरपालिका भित्रको पुलचोकदेखि गोन्द्राङसम्मको जम्मा ६ किलोमिटर चौडा सडकको उद्घाटन गरे । तर, यो उद्घाटन समारोहमा उनी एक्ला थिएनन् । उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंह, भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, र भरतपुर महानगरपालिकाकी मेयर रेणु दाहाल समेत संयुक्त रूपमा उद्घाटनमा सहभागी थिए । १ अर्ब १३ करोड ३५ लाख ३४ हजार रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको यो सडक उद्घाटनका लागि देखिएको भीआईपीहरूको लामो लाइन आफैंमा रोचक र सोचनीय दृश्य थियो । निर्धारित समयभन्दा झन्डै दुई वर्ष ढिलो सम्पन्न भएको परियोजनाको उद्घाटन यसरी जसपूर्वक मनाइयो, जसले 'उद्घाटनको राजनीति' फेरि एकपटक जनचर्चाको विषय बनायो ।

### सरकारको ध्यान कता ?

यद्यपि प्रधानमन्त्रीको ध्यान, समय र सोच कहाँ केन्द्रित हुनुपर्थ्यो भन्ने अलग विषय हो, तर अहिलेको परिस्थितिमा त्यसको पुनर्विचार आवश्यक छ । १८ दिनदेखि सामुदायिक विद्यालयका शिक्षकहरू सडकमा छन् । सहकारी पीडितहरू माइतीघर मण्डलामा दिनहुँ प्रदर्शन गर्दै छन् । वैशाख ७ गते आइतबारदेखि राष्ट्रिय प्रजातन्त्र पार्टीले निषेधित क्षेत्र तोड्ने घोषणा गरिसकेको छ । निजामती कर्मचारीहरूलेसमेत सरकारलाई आन्दोलनमा उत्रिने अल्टिमेटम दिइसकेका छन् । बाढी, भूकम्प, आगलागी, बलात्कार र सामाजिक हिंसाबाट पीडितहरूले अझैसम्म न्यायको सानो अनुभूति पनि पाउन सकेका छैनन् । यस्ता गम्भीर र संवेदनशील विषयमा प्रधानमन्त्रीको संवेदनशीलता, सक्रियता र गम्भीरता कति आवश्यक थियो र ? त्यो मापन ६ किलोमिटर सडकको उद्घाटनबाट मात्र हुन सक्दैन । अब नेतृत्वको मापन समारोह होइन, समर्पणबाट गरिनुपर्छ । यस्ता गम्भीर विषयमा प्रधानमन्त्री कति गम्भीर हुनुपर्थ्यो, ६ किलोमिटर चौडा सडकले नै नाप्न हुँदैन ।

सकारात्मक दृष्टिले हेर्ने हो भने, कुनै पनि विकासको परिणाम सफल संघीयताको संयोजनका रूपमा लिन सकिन्छ । स्थानीय, प्रदेश र सैंघ सरकारका प्रमुख प्रतिनिधिहरू एकैसाथ कुनै शिलान्यास वा उद्घाटनमा सहभागी हुनु आफैंमा सुखद र प्रेरणादायी अनुभूति हो । जुनसुकै तहमा जिम्मेवारी परे पनि, एकीकृत विकास प्रणालीलाई आत्मसाथ गर्नु केवल संविधानको परिकल्पना मात्र होइन, संघीयताको प्रमुख ध्येय पनि हो ।तर, यथार्थमा हामीले राजनीतिक तानातान, जस लिने होडबाजी, र शिलापत्रमा नाम लेखाउने प्रपञ्चबिच थुप्रै विकास परियोजनाहरूलाई खोक्रो शिलान्यास र अधूरो निर्माण उद्घाटनमा चेपिएको देखेका छौं । धरहरा, मेलम्ची खानेपानी आयोजना, पोखरा तथा लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलजस्ता परि योजनाहरू यस्ता ज्वलन्त उदाहरण हुन्, जहाँ गुणस्तरीय निर्माण, पारदर्शिता र सुशासनमा आधारित विकासको सट्टा देखावटी प्रतिस्पर्धा र राजनीतिक श्रेयप्राप्तिको होड बढी हावी भएको अनुभव हुन्छ ।

पूर्वाधार तथा अन्य विकासका परिणामहरू सम्बन्धित राजनीतिक, प्रशासनिक र वित्तीय स्वायत्तताको सिद्धान्तसँग सुसंगत हुनु आवश्यक छ । यस्ता प्रयासहरूले सरोकारवालामा केवल जिम्मेवारीको भावना मात्र होइन, गहिरो अपनत्वको अनुभूति पनि सिर्जना गर्छ । यसले जनतामा सरकारप्रति सकारात्मक सोच विकास गराउँछ, भरोसा बढाउँछ, र जनसहभागितालाई अझ सशक्त बनाउँछ । यस्तो समन्वयले विकासलाई केवल गतिशील मात्र बनाउँदैन, गुणस्तरीय, वातावरणमैत्री र सामाजिक न्याय सहितको परिणाममुखी दिशामा डोऱ्याउँछ । विकास हुनुको अर्थ केवल भौतिक संरचना निर्माणमा सीमित हुनु होइन, यसले सामाजिक, सांस्कृतिक र पर्यावरणीय बहुआयामिक समृद्धिलाई आत्मसाथ गर्नुपर्ने आवश्यकतालाई पनि औंल्याउँछ ।

हामी आशा गरौं यस्ता थुप्रै परियोजनाहरू उद्घाटनको संघारमा प्रवेश गरून् । ६ किलोमिटर सडक मात्र किनर ? पुरै पूर्व-पश्चिम राजमार्ग, काठमाडौं-पोखरा सडक खण्ड, फास्ट ट्र्याक, नांगढुंगा-सुरुङ मार्ग, मध्यपहाडी राजमार्ग, काठमाडौं रिङरोड परियोजनाले पनि चाँडै यस्तै उद्घाटनको उत्सव मनाउन पाउन् । तर मेलम्ची खानेपानी परियोजनाजस्तो भाग्यमानी पनि नहुन्, जसले सरकारैपिच्छे उद्घाटनको मजा लिइराखोस् । त्यो भद्दा मजा दोहोरिनु हुँदैन ।

जनताले विकासको आशामा प्रदूषित श्वास फेर्नु नपरोस्, चिल्लो सडकको आसमा हिलोमा चिप्लिएर मर्नु नपरोस् । बालबालिकाले वायु प्रदूषणको पीडा खेप्न नपरोस् । प्रभावित जनताको आवाज नेता, ठेकेदार र तिनले परि चालन गरेका गुन्डाको हेपाइ र हप्कीमा नदबिओस् । विकास आउँछ, केही हुन्छ, खाउँला अनि रमाउँला भन्दै आशामा बाँचिरहेका वृद्धवृद्धा, युवा, महिला र बालबालिकाहरूको सपना विकासको धुलोमा उडेको, हिलोमा गडेको, बाढीमा बगेको र पहिरोमा पुरिएको खबर फेरि पढ्न र सुनिनु नपरोस् ।

राष्ट्रिय गौरवका योजनाहरू साँच्चिकै गौरवशाली इतिहास निर्माण गर्न सकुन् । माथिल्लो तामाकोशी जलविद्युत् आयोजना, पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, मेलम्ची खानेपानी आयोजना, बुढीगण्डकी जलविद्युत् आयोजना, भेरी-बबई बहुउद्देश्यीय आयोजना, सुनकोशी-मरीन बहुउद्देश्यीय आयोजना, रानी जमरा कुलरिया सिँचाइ आयोजना, सिक्टा सिँचाइ आयोजना, बबई सिँचाइ आयोजना, पश्चिम तराई (लिफ्ट) सिँचाइ आयोजना, पशुपति क्षेत्र विकास आयोजना र लुम्बिनी क्षेत्र विकास आयोजनाको प्रगतिले गति लेओस ।

तर विडम्बना,

नेपालमा सञ्चालनमा रहेका हजारौं साना, मझौला र ठूला परियोजनाहरूको प्रगति प्रायः शून्यजस्तै देखिन्छ । तामझामकासाथ शिलान्यास गरिएका योजनाहरू वर्षौंको प्रतीक्षापछि पनि उद्घाटनको सुखद क्षणसम्म पुग्न सकेका छैनन् । कयौं योजना अलपत्र छन्, कतिपय त जनचासोबाटै हराएका छन् । कार्यान्वयन प्रगतिका उदेक लाग्दा दृश्यहरू भने बारम्बार देखिन्छन् । ढिलासुस्ती, प्रशासनिक झन्झट, व्यवस्थापकीय कमजोरी, पारदर्शिताको अभाव, र चरम भ्रष्टाचार सामान्यजस्तै भइसकेका छन् । योजना बनाउनु मात्र पर्याप्त होइन, शिलान्यास गर्नु पनि अब कुनै बहादुरीको काम जस्तो लाग्दैन त्यो  त केवल सुरुआत हो । वास्तवमा आवश्यक कुरा त प्रभावकारी कार्यान्वयन, समुचित अनुगमन, समयमै सम्पन्नता र त्यसको पूर्ण सञ्चालन हो ।

विकास निर्माणका परिणामहरूमा कमजोर नतिजा, न्यून गुणस्तर, र पट्यारलाग्दो प्रगति हुनुका प्रमुख कारणहरू अपारदर्शिता, राजनीतिक हस्तक्षेप, कुशासन र न्यून जनसहभागिता हुन् । परियोजना छनोट, डिजाइन, लागत निर्धारण, सार्वजनिक खरिद प्रक्रिया, र ठेकेदार छनोट जस्ता प्रक्रियाहरू प्रायः निकै कमजोर, हचुवा भरमा, र राजनीतिक आस्थामा आधारित देखिन्छन् -जुन सुधार्न जरुरी छ ।

निर्माण कम्पनीहरू प्रायः परियोजना र जनताप्रति भन्दा राजनीतिक दल र तिनका नेताहरूप्रति बढी जवाफदेही देखिन्छन् । सरकारले समयमा प्रभावकारि अनुगमन र उचित भुक्तानि गर्न नसक्दा ठेकेदार कम्पनिको बढ्दो मानोमानि का उदाहरण प्रसस्तै छन । यदि मन्त्रालयले सही निर्णय, प्रभावकारी अनुगमन, मूल्याङ्कन, र न्यायिक दण्डको प्रक्रियालाई बलियो बनाउने हो भने, कार्य प्रगति पक्कै पनि सोचेभन्दा राम्रो हुन्छ । ६ किलोमिटर मात्र होइन, ६०० किलोमिटर सडक पनि सोहि समयमा पूरा गर्न सम्भव छ ।

मानौं, सडक उद्घाटन सम्म पुगियो, केहिछिनको लागि चिल्लो सडक पनि देखियो । आशा गरौं कि यो केही वर्ष टिक्ला । हेर्दा राम्रै देखिन्छ । लुम्बिनि र पोखरा अन्तरास्ट्रिय एर्पोट आवरणमा हेर्दा राम्रै लाग्छ । तर पर्दापछाडि दृश्य भने चित्तबुझ्दो छैन, चरम भ्रस्टचार र ढिलासुस्तिले लतपतिएको छ । पोखरा विमानस्थलको बारेमा संसदीय समितिले सार्वजनिक गरेको प्रतिवेदनले १४ अर्ब रुपैयाँको हिनामिना गरेको तथ्यलाई उजागर गरेको छ । उद्घाटनको बेला यो विमानस्थल संसारकै उत्कृष्ट विमानस्थल जस्तो देखिन्थ्यो, तर हाल यसको वास्तविक अवस्था हेर्दा, प्रयोगको अवस्था अहिले त्यति उत्साहजनक छैन । जे होस अन्तर्राष्ट्रिय उडान नहुँदा पनि, आन्तरिक उडान भने निरन्तर चलिरहेको छ ।

### सामाजिक न्याय खै ?

विकासका पूर्वाधार आवश्यक हो । भौतिक  विकास सबैलाई चाहिएको छ । तर विकास कसका लागी ? आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणिय बिकासमा यस्ता गौर वशाली परियोजना पक्कै पनि लाभदायक हुन सक्छन् । तर विकास न्यायोचित र सर्वाङ्गीण हित हितउन्मुक कसरी हुन सक्छ ? के यस्ता चिल्ला सडक, अग्ला भ्युटाउर, द्रुत सञ्चार प्रविधि, यातायात संजालहरुले रोजगार, सामाजिक न्याय, गुणस्तरीय शिक्षा, न्यायिक जनस्वस्था आदि जस्ता अति आधारभूत आवश्यकतामा बढावा दिन सक्ला ? भौतिक पूर्वाधारको विकासको अन्तिम गन्तव्य होइन, यो त केवल सामाजिक, संस्कृत र वातावरणीय न्याय को माध्यम मात्र हो ।

बदलिंदो आन्तरिक र भूराजनीतिक परिस्थितिलाई ध्यानमा राख्दै अबको राष्ट्रनिर्माण दिगो, समावेशी, र सक्षम ,लचिलो हुनु आवश्यक छ । विकास केवल भौतिक संरचना निर्माणमा सीमित रहन सक्दैन–यो आर्थिक वृद्धि, सामाजिक न्याय, वातावरणीय संरक्षण, र संस्थागत पार दर्शिताबीचको सन्तुलनमा आधारित हुनु पर्छ । विगतका अनुभवबाट पाठ सिक्दै सशक्त नीति निर्माण र परिणाममुखी कार्यान्वयनतर्फ अघि बढ्ने हो । बारम्बार सरकार परिवर्तन हुनु अब हाम्रो राजनीतिक वास्तविकता जस्तै भइसकेको छ–तर यस्तो परिपाटीले पनि राष्ट्रनिर्माणको निरन्तरतामा अवरोध आउनु हुँदैन । अहिलेको आवश्यकता भनेको दलीय प्रतिस्पर्धाभन्दा माथि उठेर राष्ट्रिय हितमा आधारित सहकार्य, साझा प्रतिबद्धता, र समन्वित कार्यनीतिलाई संस्थागत बनाउनु हो । दिगो विकास अब जनताको सहभागिता, स्थानीय नेतृत्व, र प्राविधिक परि पक्कतामा आधारित निर्णय प्रक्रियाले सबल बनाउँछ–ताकि विकास केवल देखिने मात्र नहोस्, तर अनुभूत हुने, न्यायपूर्ण हुने, र दीर्घकालीन रूपमा टिकाउ हुने होस् ।

हाम्रो विकास मोडल विनाश होइन, विश्वासको आधारमा हुनु पर्छ । विखण्डन होइन, एकीकृत सोचमा अडिनुपर्छ । विकासमा एकाङ्गी होइन, बहुआयामिक दृष्टिकोण हुनु अनिवार्य छ । हचुवा शिलान्यास र हतारमा निर्माण नपुगी उद्घाटन गर्ने प्रवृत्ति अब बन्द गरिनु पर्छ । बरु परियोजना सम्पन्न भएर केही समयसम्म सञ्चालन भएको प्रगति र परिणामको मूल्याङ्कनपछि मात्र उद्घाटन गर्ने परिपाटी बसाल्नु जरुरी छ । सरकारले आफ्नो पालामा के सुरु गऱ्यो वा के सम्पन्न गऱ्यो भन्ने प्रतिस्पर्धाभन्दा पनि, परि योजना सञ्चालनको उत्कृष्टता र जनसेवामा त्यसको प्रभावले मूल्याङ्कन हुने नयाँ संस्कारको थालनी गरौं ।

प्रक्रियामा देखिने त्रुटि, ढिलाइ, भ्रष्टाचार, सामाजिक वा वातावरणीय अन्याय, र लागत वृद्धिका नकारात्मक प्रभावहरूको मूल्यांकनसहित भविष्यका लागि सुधार-उन्मुख प्रतिबद्धताका साथ उद्घाटनमा जुटिनु उपयुक्त हुन्छ । दातृ राष्ट्रहरूले पनि परियोजना लगानी गर्दा हचुवाको भरमा निर्णय गर्दा त्यसको ऋणभार नेपाली जनताले खेप्नुपरेको कटु यथार्थ हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# शिक्षकले जे-जति सुविधा पाएका छन् सबै लडेरै लिएका हुन्

✍डा. भोजराज शर्मा काफ्ले

संस्कारकै रूपमा विकसित हुँदै आइरहेको राजनीतिक दलका उत्ताउला विरोध कार्यक्रमलाई चुनौती दिँदै शिक्षकहरूको हड्तालले शिष्टता प्रदर्शन गरिरहेको छ । हामी सबैले कन्जुस्याइँ नगरी शिक्षक (गुरु-गुरुआमा) प्रति आभार व्यक्त गर्नुपर्दछ । यस बारेमा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले धन्यवाद मात्र दिनुभएको छैन, बालबालिकाको सिकाइमा पनि त्यतिकै ध्यान दिने कुराको अपेक्षाकृत अनुरोध समेत गर्नुभएको छ । नेपालको शिक्षाको इतिहासमा नेपाली समाजले सिक्नै पर्ने पाठ गुरु-गुरुआमाहरूले देखाइ दिनुभयो । राजनीतिक वृत्तले यति मात्रै सिक्ने हो भने यो आन्दोलनको महत्वपूर्ण उपलब्धि हो भन्ने लाग्दछ ।

आन्दोलनका जति दिन बित्दैछन् भद्रता र शिष्टता लोभलाग्दो छ । जनमानसको सहानुभूति बढ्दै गएको प्रतीत हुन्छ । समग्र मानव समुदायलाई एउटा पाठ सिकाइ सक्नुभएको छ, शिक्षक उहाँहरूलाई आभार, धन्यवाद र बधाइ छ । सिक्नेका लागि कक्षाकोठामा सिकाइने नैतिकताको अनन्त पाठ हो यो । शिक्षकले आजसम्म प्राप्त गरेका सुविधा वर्षौंको मिहिनेत र सौदाबाजीको उपलब्धि हो । आजभन्दा ४५ वर्ष पहिला कक्षा ८ मा पढ्दै गर्दा शिक्षक हड्तालका कारण धेरै शिक्षक काठमाडौं जानुभएको र विद्यालय बन्द भएको सम्झना छ । विद्यालय घरबाट टाढा भएकाले डेरा लिएर बसिन्थ्यो । विद्यालय बन्द भएकोले घरमा गइयो । रोपाइँको बेला थियो । रोपाइँ शुरु भएर रोपाइँ सकिंदासम्म एक महिना बितेछ । अवस्था के होला भनेर बुझ्न विद्यालय जाँदा विद्यालय खुलिसकेको रहेछ । केही दिन पढाइ छुटेछ । त्यो भेकबाट माध्यमिक विद्यालयमा पढ्न जाने म मात्रै भएकाले विद्यालय खुलेको जानकारी भएन । अहिले जस्तो सञ्चार सुविधा थिएन । १८ दिनसम्म विद्यालय बन्द भएछ अरू केही दिन पढाइ छुटेकोमा साह्रै चित्त दुखेको कुरा स्मरणमा ताजै छ । त्यसपछि पनि पटक पटक शिक्षक हड्ताल भए केही माग पूरा भए केही भएनन् भन्ने सुनिंदै र बुझिंदै आएको छ ।

एसएलसी दिएपछि परीक्षाफल प्रकाशित नहुँदैबाट शिक्षण पेशामा संलग्न भइएको हो, एक किसिमको निरन्तरता कायमै छ । त्यसैले यस पेशासँग भावनात्मक र मनोवैज्ञानिक सामीप्यता छ । शिक्षक आन्दोलन स्थलमा श्रद्धापूर्वक दुई दिनको मौन अवलोकनले एक किसिमको खुसी दिएको छ । शिक्षकका माग पूरा नभए नहुन् केही छैन । शिक्षकको सामाजिक मर्यादाको उचाइ बढेको छ भन्ने लागेको छ । माग पूरा होलान् कि नहोलान् भन्ने सम्बन्धमा अवलोकनको अनुभूति भने द्विविधामा फसेको छ । दु:खलाग्दा अन्तरभूति धेरै छन् । खुसी हुने केही छन् ! शिक्षकहरु कोही पनि आक्रामक हुनुहुन्न । कोही पनि अपेक्षाकृत उत्साहित भएको पाइएन । सरकार बलियो छ, हामीभन्दा कैयौं गुणा बलियो कुनै पनि बेला यसले हामीलाई मिच्न सक्ने छ । झुक्याउन सक्छ भन्ने मनोविज्ञान सबैमा भएको अन्तरभूत हुन्छ, परिवेश अध्ययनले ।

सार्वजनिक बसमा एक जना अपरिचित सरसँग कुराकानी गर्ने अवसर मिल्यो । परिचय आदानप्रदान नै नगरी सामान्य कुराकानी भयो । "सबै नेताका र माथिल्लो तहका कर्मचारीको बच्चा बोर्डिङमा छन् । उनीहरूको लगानी त्यतै छ । बेलाबेलामा धेरै चन्दा दिने र सहयोग लिने गर्दछन् । अहिले त उहाँहरूका लागि अब्बल बेला हो । यही बेला अब सामुदायिक विद्यालयमा के कसो हुने हो जे जसरी भए पनि बच्चालाई बोर्डिङमा पढाउने हो भन्ने मनोविज्ञान अभिभावकमा विकास भइसकेको छ । हामी यता हड्तालमा छौं । बच्चा उता गएकोमा हाम्रा मागलाई सुन्नेहरू खुसी छन् ।" आफ्नो पालो सकेर अरू साथीहरूलाई हड्तालमा बोलाएर पर्वततिर जाँदै गरेका शिक्षकको अभिव्यक्ति हो यो । उहाँले आफ्ना सन्तान सामुदायिक विद्यालयमा पढाउनुभएको रहेछ । अहिले बच्चाहरू कलेज पढ्छन् रे !

उहाँको भनाइमा के कति सत्यता छ त्यो छलफलको अर्कै विषय होला, तथापि उहाँको भनाइमा बनावटीपन थिएन, उहाँको बुझाइ त्यही हो । त्यस्तो सोच उत्पन्न हुने वातावरण विकसित हुनु नै दु:खद् हो । अपरिचित होइन परिचित नै एक जना शिक्षक महासंघका केन्द्रीय पदाधिकारीसँग आन्दोलन स्थलभन्दा भिन्न परिवेशमा भेट भयो । "यो मुलुकलाई सराप परेको छ सर ! केही गरेर पनि हुने म देख्दिनँ । हाम्रा साथीहरू पनि आइदिएका छन्, आएका छैनन् । सत्ता पक्षका त्यसमा पनि सत्ताको नेतृत्व गर्ने दलका समर्थक शिक्षकहरू त गाल टार्न मात्र आए जस्तो गरेका छन् । सरकार जसरी पनि झुक्याउने प्रयासमा छ । के गर्ने होला ?" उहाँको निराशापूर्ण अभिव्यक्ति थियो । धेरै कुरा भन्ने जाँगर मैले गरिनँ । सारमा एउटै मेरो अनुभव भन्छु भनेर कुराकानीलाई जतिसक्दो छोट्याउने प्रयास गरियो ।

"तपाईंहरूका २२ वटै माग राम्रोसँग मैले हेरेको छु । प्रत्येकमा पर्याप्त बहस गर्न सकिन्छ । ती धेरैजसो मागका बारेमा शिक्षा मन्त्रालय सहमत नै भएको हो । त्यसका बारेमा धेरै पटक अर्थ मन्त्रालयसँग कुराकानी भएकै हो । शिक्षा मन्त्रालय माग्ने र अर्थ मन्त्रालय दिने अर्थात् साहु र आसामी जस्तो हुँदोरहेछ । त्यसैले हजुरहरूको वार्ता शिक्षा मन्त्रालयतहमा मात्र भएमा कुनै अर्थ राख्दैन अहिले यति मात्र भनें" भनी उम्किन प्रयास गरें । अर्को एक भेटघाटमा आफू निकटका शिक्षक साथीहरूले हाम्रो विरोध के हुन्छ होला ? हजुरको अध्ययन र अनुभवका बारेमा सुनौं भनेर आग्रह गरे । "सार्वजनिक शिक्षा सुधारमा विमर्श (डिस्कोर्स) नै नभएको अहिलेको परिवेशमा के हुन्छ र कसो हुन्छ भनेर कसरी भन्ने । स्वयम् प्रधानमन्त्रीले गठन गरेको उच्चस्तरीय शिक्षा आयोगले दिएको प्रतिवेदन गुमनाम भयो । हजुरहरूका सबै जसो माग सम्बोधन हुने गरी सो प्रतिवेदनले सुझाव दिएको छ । तपाईंहरूका मागमा शिक्षकका बारेमा स्वाभाविक रूपमा बढी कुरा छन् । त्यो प्रतिवेदनमा शिक्षक लगायत समग्र शैक्षिक सुधारका पक्ष छन् । यस्तो परिवेशमा के हुन्छ र के हुँदैन भनी कसरी भनौं" भनेर म उम्किने प्रयासमै रहें ।

यस्ता सैद्धान्तिक कुरा होइन अब ठ्याक्कै के गर्न पर्ला ? मलाई साथीहरूले छाडेनन् । तथापि फेरि कुरा गरौंला भनेर विश्राम गरियो । अहिले मलाई भन्न मन लागेको छ शिक्षा ऐन लिएर मात्र फर्किन्छौं भन्ने जुन भनाइ छ त्यसलाई नछाड्नुस् । ऐनमा नै बारम्बार सरकारले प्रतिवद्धता जाहेर गरेको, राजनीतिक दलका घोषणापत्रमा लेखेको र अन्तर्राष्ट्रिय मापदण्डले बोलेको २० प्रतिशत हरेक सरकारको बजेट शिक्षा क्षेत्रमा छुट्याइने छ भनेर ऐनमा नलेखेसम्म हड्ताल नछाड्नुस् । यो माग तपाईंहरूको मात्र होइन सबैले बोलेको हो ।

यदि त्यसो हुनसकेमा धेरै समस्या समाधान हुन्छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले जिम्मेवारीपूर्ण किसिमले विश्लेषण गरेको छ । शिक्षामा अहिले त्यत्रो लागानी गर्न कहाँ सकिन्छ भनेर फन्टुस कुरा नगर भन्ने सन्देश त्यसमा सप्रमाण छ । अन्य देशले गरेकै कुरा गरेको हो । सयौं अनुसन्धानका नतिजाले देखाएको छ शिक्षामा सार्वजनिक लगानी र शिक्षाको गुणस्तरमा अनुक्रम अनुपातिक सम्बन्ध हुन्छ । शिक्षाको क्षमता र पेशागत विकास स्वत: अभिवृद्धि हुन्छ । मान र प्रतिष्ठामा बढोत्तरी आउँछ । संविधानमा लेख्ने, चुनावी घोषणापत्रमा लेख्ने अहिले सक्दिनँ भनेर भन्न पाइँदैन भन्ने तागत गुरु-गुरुआमाहरूले निकाल्नुपर्दछ । अहिले यही एउटा मात्र मागमा अडिए पनि हुन्छ । किनकि यसमा दम छ । उनीहरूकै कुरा हामीले ल्याइदिएको हो भनी भन्न पाइन्छ ।

दोस्रो कुरा, अभिभावक र विद्यार्थीलाई शिक्षकहरूले विश्वास दिलाउनुपऱ्यो हामी बिदामा पनि पढाउँछौं । बिहान पनि पढाउँछौं । बेलुकी पनि पढाउँछौं । शिक्षकका माग पूरा नभए पनि पढाउँछौं । भए पनि पढाउँछौं । जब विश्वास जितिन्छ, तब आन्दोलन प्रभावकारी हुन्छ । सरकारको सोच परिवर्तन होस् हाम्रो सोच परिवर्तन हुन्छ भनेर विश्वास दिलाउनुपऱ्यो । कसरी विश्वास दिलाउने त्यो काइदा शिक्षकहरूसँग नै हुनुपऱ्यो । शैक्षिक गुणस्तरमा सुधार गरी अन्तर्राष्ट्रियस्तरको शिक्षा बनाउन तागत हामीसँग छ भनेर शिक्षकले विश्वास दिलाउन चुक्नुभएन ।

*(साभार: अनलाइनखबर)*

# आफ्नै पार्टीका प्रधानमन्त्रीले नसघाएपछि बाहिरिइन् शिक्षामन्त्री भट्टराई

काठमाडौं/शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले सोमबार राजीनामा दिएकी छन् । आफ्नै पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीलाई भट्टराईले मन्त्री पदबाट राजीनामा बुझाएकी हुन् । राजीनामा पत्रमा भट्टराईले स्वास्थ्यलाई कारण देखाएकी छन् । तर उनले जे कारण देखाउँदै राजीनामा पत्र बुझाइन्, त्यसलाई आमसाधारणले समेत पत्याउन सक्ने स्थिति छैन ।



किनभने यो राजीनामाको पृष्ठभूमिमा मन्त्री भट्टराईको प्रधानमन्त्री ओलीसँग शृंखलावद्ध नीतिगत मतभेद, उनलाई हटाउन विभिन्न समूहहरूको तारन्तार दबाब, अनि जारी शिक्षक आन्दोलन समाधानका उपाय खोज्ने क्रममा देखा परेको अवरोधसमेतको जोडकोण भेटिन्छ । 'उहाँको स्वास्थ्यमा केही समस्या थियो, तर अहिले राजीनामा दिनुको कारण स्वास्थ्य होइन', एमालेका एक नेता भन्छन् । उनका अनुसार भट्टराईले मन्त्री पदबाट राजीनामा दिनुको मुख्य कारण प्रधानमन्त्री ओलीसँगै कुरा नमिल्नु हो ।

'प्रधानमन्त्रीसँग कुरा मिल्न सकेन । शिक्षक महासंघका नेताहरूले पनि मन्त्रीको अप्ठ्यारो बुझ्ने प्रयास गरेनन् । त्यसैले राजीनामा विकल्प बन्यो', ती नेता भन्छन् । एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम पनि भट्टराईले पदबाट राजीनामा गर्नुमा स्वास्थ्य नभएर शिक्षक आन्दोलनकै समस्या भएको बताउँछन् । 'आन्दोलन चलेको यतिका दिन भइसक्यो, समाधान आउन सकेन । यस्तो बेला मन्त्रीको राजीनामा आउँदा धेरै अलमलमा बस्नु पर्दैन', उनी भन्छन् ।

भट्टराई निकट अर्का एमाले नेता भने शिक्षकको आन्दोलन मात्र राजीनामाको कारण नभएको बताउँछन् । 'शिक्षकहरूको आन्दोलन उत्कर्ष हो, तर कारणको शृंखला लामै छ', ती नेता भन्छन् । उनका अनुसार निकटस्थहरूलाई भट्टराईले मन्त्री पदबाट राजीनामा दिने मनसाय बनाएको केही समय यता बताउँदै आएकी थिइन् । 'नाजायज कुराहरूमा कम्प्रमाइज गरेर बस्दिनँ, छोडेर हिड्छु,' भट्टराईले भन्ने गरेकी थिइन् ।

यद्यपि शिक्षा क्षेत्रमा आफ्नो सैद्धान्तिक र व्यावहारिक बुझाइका आधारमा सकेसम्म सुधारको प्रयास गर्ने भट्टराईले बताउँदै आएकी थिइन् । 'शिक्षा क्षेत्रलाई बुझ्ने एक जना नेताले पदबाट राजीनामा दिएर हिँड्नुभयो', एमालेका ती नेता भन्छन्, 'उहाँ मन्त्री भएपछि शिक्षा ऐन ल्याउन भनेर निरन्तर लाग्नु भएको थियो । तर यो कुरा आन्दोलनको नेतृत्व गर्ने शिक्षक र प्रधानमन्त्रीले बुझ्न सक्नु भएन ।'

शिक्षकहरूकै माग सम्बोधन गर्न पनि भट्टराईले प्रधानमन्त्री ओली र अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग पटकपटक भेटवार्ता गरेकी थिइन् । तर शिक्षकहरूलाई चिढ्याउनेगरी सार्वजनिक अभिव्यक्ति दिँदै हिँडेका प्रधानमन्त्री ओलीले गम्भीर रुपमा नलिएपछि भट्टराईले राजीनामा विकल्प रोजिन् ।

### प्रधानमन्त्रीसँग लगातार असहमति

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विभागकी प्राध्यापक भट्टराई एमाले सांसद हुँदै शिक्षामन्त्री बनेकी थिइन् । गत वर्ष ३१ असारमा मन्त्री बनेकी भट्टराईको सुरुदेखि नै प्रधानमन्त्री ओलीसँग कुरा मिल्न सकेको थिएन । उच्च स्रोतका अनुसार, भट्टराई मन्त्री भएको केही समयभित्रै मन्त्रालयमा प्रधानमन्त्रीका आईटी सल्लाहकार असगर अली शिक्षामन्त्री भट्टराईलाई भेट्न आएका थिए । असगरले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा सुधार गर्न अनलाइन कक्षाका सामग्री उत्पादन गर्ने प्रस्ताव गरेका थिए ।

तर मन्त्री भट्टराईले ठाडै अस्वीकार गरिन् । किनकि शिक्षा मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले भिडियो र अडियो कार्यक्रम उत्पादन गर्दै आइरहेको छ । शिक्षा मन्त्रालयको कार्यक्रम निजी कम्पनीलाई दिन मन्त्री भट्टराईले चाहेकी थिइनन् । 'शिक्षा मन्त्रालयले नै अडियो/भिडियो उत्पादन गरिरहेको छ । मन्त्रीज्यूले निजी कम्पनीमा दिन चाहनु भएन,' शिक्षा मन्त्रालयका एक उच्च अधिकारीले भने । मन्त्री भट्टराईले असहमति जनाएपछि प्रधानमन्त्री ओलीको हस्तक्षेपमा प्रधानमन्त्री कार्यालयले नै शिक्षा मन्त्रालयको कर्मचारी परिचलान गरेर छुट्टै युनिट खडा गरियो । प्रधानमन्त्री कार्यालयमा उक्त युनिटको कार्यक्रम प्रवर्द्धन गर्न एक जना उपसचिव र एक जना शाखा अधिकृत लगियो ।

'प्रधानमन्त्रीबाट नै मन्त्रीज्यूलाई यसमा सहयोग भएन । निजी कम्पनीलाई प्रवर्द्धन गर्न खोजेको भयो । मन्त्रीज्यू त्यहीबेलादेखि निरास हुनुहुन्थ्यो,' ती अधिकारीले भने । शिक्षा मन्त्रालयका कर्मचारीहरू पनि मन्त्री भट्टराईलाई काम गर्न अप्ठ्यारो पार्नेगरी प्रधानमन्त्री कार्यालयबाट हस्तक्षेप हुने गरेको बताउँछन् । 'हरेक काममा उहाँलाई माथिबाट हस्तक्षेप हुन्थ्यो,' शिक्षा मन्त्रालयका एक अधिकारीले भने, 'साना साना कुरामा पनि हस्तक्षेप हुन्थ्यो । मन्त्रीज्यू कानुनभन्दा बाहिर गएर काम गर्न चाहनुहुन्नथ्यो ।'

एमालेकै जिल्लादेखि केन्द्रसम्मका नेता कार्यकर्ताले शिक्षक-कर्मचारी सरुवा बढुवाका लागि मन्त्री भट्टराईलाई दबाब दिन्थे । 'सरुवा बढुवाको दबाब धेरै आउँथ्यो । उहाँले नियम विपरीत काम गर्न चाहनु भएन,' मन्त्रालयका कर्मचारीहरू बताउँछन् । उनले सरुवाको मापदण्ड नै बनाइन् । दुई वर्ष एकै ठाउँमा बसेकालाई अर्को ठाउँमा सरुवा गर्ने नीति लिइन् ।

प्रधानमन्त्रीसँग मत बाझिएको अर्को प्रसंग थियो, त्रिविको जग्गा प्रकरण । त्रिविको जग्गा खोजबिन समितिको प्रतिवेदन सार्वजनिक गर्ने पक्षमा भट्टराई थिइन् । तर प्रधानमन्त्री ओलीले उक्त प्रतिवेदन सार्वजनिक गर्न चाहेनन् । त्रिविकै उपकुलपति प्रकरणमा पनि प्रधानमन्त्रीसँग भट्टराईले भिन्न मत राखिन् । उपकुलपति पदबाट प्राडा केशरजंग बरालले राजीनामा दिएपछि मन्त्री भट्टराई फिर्ता ल्याउन चाहन्थिन् । त्रिविका रेक्टर खड्ग केसी र रजिस्ट्रार केदार प्रसाद रिजालले शिक्षा मन्त्रीलाई सहजीकरण गर्न आग्रह गरेका थिए । मन्त्री भट्टराईले बरालको राजीनामा फिर्ता गराउन लागेकी थिइन् । तर, प्रधानमन्त्री ओलीबाट साथ पाउने सम्भावनै थिएन ।

शिक्षा सुधारका निम्ति मन्त्री भएदेखि नै भट्टराईले अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन लागू गरेर गुणस्तरीय शिक्षा सुधारको खाका बनाएकी थिइन् । उनले बनाएको खाका कार्यान्वयनमा सरकारबाटै सहयोग पाइनन् । भट्टराई निजी विद्यालयलाई व्यवस्थित गर्न चाहन्थिन्, तर प्रधानमन्त्री ओली निजी विद्यालयकै पक्षमा चर्को वकालत गर्न थालेपछि निराश बनिन् । 'प्रधानमन्त्रीले केके बोल्नुहुन्छ । त्यसको समेत सामना मन्त्रीज्यूले गर्नुपर्थ्यो,' मन्त्रालयका ती अधिकारी भन्छन् ।

यतिसम्म कि ठूला निजी विद्यालयमा भर्ना र नाम निकाल्न समेत भट्टराईलाई आफ्नै पार्टीका नेता, बहालवाला मन्त्रीदेखि पूर्वमन्त्रीसम्मको फोन आउँथ्यो । 'गुणस्तरीय शिक्षा र निशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनमा मन्त्रीज्यूको जोड थियो । तर उहाँलाई भनसुनको फोन ज्यादा आउँथ्यो । तर नीति अनुसार गर्नुपर्छ भन्नुहुन्थ्यो । उहाँको पार्टीले नै उहाँलाई असहयोग गर्‍यो,' मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

प्रधानमन्त्री ओलीसँग यसरी असमझदारीको शृंखला नै तयार भइरहँदा शिक्षा ऐनको माग राखेर शिक्षकहरू आन्दोलनमा उत्रिए । २० दिनसम्म पनि मन्त्री भट्टराईले सहमतिको प्रयास गरिन् । शिक्षकको सेवा सुविधाको एजेण्डा अर्थ मन्त्रालयसँग जोडिएको थियो । स्रोत जुटाउन अर्थ मन्त्रालयमा उनी बारम्बार धाइन् । अर्थमन्त्री विष्णु पौडेललाई बारम्बार ताकेता गरिन्, तर साथ पाउन नसकेको मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

'आगामी बजेटमा शिक्षकको माग सम्बोधन गर्नेगरी मन्त्रीज्यूकै पहलमा ७ बुँदे प्रस्ताव तयार भएको थियो । कहिले अर्थ मन्त्रालय कहिले प्रधानमन्त्री कहिले कहाँ पुगेर पहल गर्नुभयो,' शिक्षा मन्त्रालयका ती अधिकारी भन्छन् । ईसीडीका शिक्षकको तलब १७ हजार ३०० बनाउने, सामाजिक सुरक्षा कोषको नयाँ प्याकेज बनाउने, दुर्गम भत्ता उपलब्ध गराउने, ग्रेड समायोजन, मर्यादा क्रम कायम गर्ने, हाललाई निजामती अस्पतालबाट शिक्षाको उपचारमा छुटको व्यवस्था लगायतका विषय उनको ७ बुँदामा तयार थिए ।

कतिपय शिक्षकको माग सम्बोधन गर्न नसकिने स्थिति थियो । स्थानीय तहमा शिक्षक बस्न नचाहने, शिक्षकको स्वत: स्थायी हुने, ट्रेड युनियन लगायत विषय सम्बोधन गर्न कठिन थियो । तर शिक्षकहरूले बारम्बार दबाब दिए । संविधान विपरीतका सम्झौता गर्न उनले चाहिनन् । 'सम्भव नुहने सम्झौता गरेर मन्त्रीज्यूले जीवनभर कालो धब्बा बोक्न चाहनु भएन । राजीनामा दिनुको विकल्प रोज्नु भएको हो,' मन्त्रालय स्रोतले भन्यो ।

ओलीको नेतृत्वमा कांग्रेस-एमाले गठबन्धनको पहिलो चरण अन्तर्गतको सरकार बनेपछि बढ्ता अपेक्षा गरिएकी मन्त्रीको सूचीमा भट्टराई पनि थिइन् । उनले सुरुदेखि नै मन्त्रालयमा सुधार र डेलिभरीको थालनी गर्न कोसिस गरे पनि आफ्नै सरकार र पार्टीको नेतृत्वसमेतको असहयोगका कारण निराश बनेर फिर्ता भएकी छन् ।

*(स्रोत: अनलाइनखबर)*

# दर्शकसँग नजिकिन 'मिट एण्ड ग्रिट' टूर गर्दै अनमोल केसी



काठमाडौं/अभिनेता अनमोल केसीलाई सार्वजनिक थलोमा देख्न प्राय: मुस्किल पर्छ । भीडभन्दा टाढा रहेर उनी रिजर्भ बस्न रुचाउँछन् । भीडमा घुलमिल हुने उनको स्वभाव छैन ।

जसले गर्दा, उनी प्रशंसकमाझ एक रहस्यकै पात्र हुन् । अरु कलाकार दर्शकमाझ घुलमिल हुने भैरहँदा अनमोल भने आफ्नै शैलीमा रिजर्भ बसिरहन्थे । यस्तोमा, अब अनमोल दर्शकमाझ पुग्ने मनस्थितीमा छन् ।

अब दर्शकसँग नजिक रहेर करिअर अघि बढाउने उनको योजना छ । यसको सुरुवात भारतको सिलिगुढीस्थित क्लब ग्राभिटीबाट भएको छ । यसैसाता अनमोल र बुवा भुवन केसीले त्यहाँ पुगेर फ्यानसँग साक्षात्कार गरे ।

दर्शकसँग नजिकिने उपायअनुरुप अब उनी 'मिट एण्ड ग्रिट' टूरमै निस्किने भएका छन् । स्वदेश र विदेशमा उनको यस्तो टूर आयोजनाको निधो भैसकेको छ जहाँ उनले फ्यानसँग भेटघाट गर्नेछन् ।

मेमा कतारबाट उनको 'मीट एण्ड ग्रिट' टूर सुरु हुनेछ । त्यसपछि हङकङ र जापानमा पनि यस्तो टूर गर्ने योजना छ । टूरमा बुवा भुवनले साथ दिनेछन् । 'विश्वभरका दर्शकसँग जोडिने अनमोलजीको यो प्रयास हो' भुवन निकट स्रोतले भन्यो, 'अब उहाँ दर्शकको नयाँ पुस्तासँग जोडिन चाहनुहुन्छ । किनभने, 'होस्टेल'पछि नयाँ दर्शकको जेनेरेसन क्रिएट भैसकेको उहाँलाई लागेको छ ।'

पछिल्लो समय दर्शकबाट टाढिएको महसुस गरेका अनमोल सिलिगुढी पुगेर क्लब ग्राभिटीमा दर्शकलाई भेट्नु यसकै कारण थियो । जहाँ, उनले पछिल्लो फिल्म 'फर्की फर्की'को पात्र म्याडीकै अवतारमा इन्ट्री गरे । भुवनले भने 'म हुँ नेपालीबाबु' अवतारमा दर्शकमाझ प्रवेश गरे ।

अनमोल र भुवनलाई भेट्न ७०० भन्दा धेरै दर्शक उक्त क्लबमा सहभागी थिए । उनीहरूको 'मिट एण्ड ग्रिट'का तस्वीर र भिडियो अहिले सामाजिक संजालमा भाइरल बनिरहेका छन् ।

तर, अहिलेलाई भने अनमोलको दर्शकसँग नजिकिने प्रयास विदेशमा हुनेछ । 'तत्कालै विदेशमा बजार विस्तार गर्ने उद्देश्यले उहाँको टूर हुनेछ' स्रोतले भन्यो, 'स्वदेशमा भने प्रदर्शन तयारीमा रहेको फिल्म जेरी अन टपको रिलिजको समयमा टूर हुनेछ ।' अनमोलले अब आफू दर्शकसँग नजिक हुनुपर्छ भन्ने महसुस गरेको स्रोतको भनाई छ ।

यो टूर फिल्मको प्रवर्धन नभएर नितान्त दर्शकसँग जोडिने अनमोलको प्रयास भएको बताइएको छ । अनमोलले 'जेरी अन टप'पछि नयाँ फिल्म साइन गरेका छैनन् । लगत्तै उनले घरबाट बन्ने फिल्ममा काम गर्ने बुझिएको छ । यो होमप्रोडक्सन फिल्मको घोषणा चाँडै गर्ने तयारी छ ।

# भरियाको कथामा बन्ने 'कार्की साइँला'को मुहूर्त

काठमाडौं/भारी बोक्ने भरियाको कथामा आधारित भएर बन्न लागेको फिल्म 'कार्की साइँला'को शुभमुहूर्त गरिएको छ । सोमबार बिहान कोटेश्वरस्थित महादेवस्थान मन्दिरमा स्क्रिप्ट पूजा गर्दै फिल्मको मुहूर्त गरिएको हो । फिल्मको मुख्य कलाकार जितु नेपाल र वर्षा सिवाकोटीले मुहूर्त सट दिएका थिए । उनीहरुले पहिलो पटक फिल्ममा एकसाथ काम गर्न लागेका हुन् ।




राजेन्द्र बस्नेतको निर्देशनमा बन्न लागेको फिल्ममा जितु र वर्षासहित गीता अधिकारी, मान्सी शर्मा, श्याम मगर, मनिल तामाङ लगायतको अभिनय रहनेछ । कर्ण बहादुर फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्मका प्रस्तुतकर्ता कृष्ण भगत चाम्लिङ र निर्माता बालकुमार राई हुन् । कार्यकारी निर्मातामा राजु श्रेष्ठ छन् ।

अजित लामिछानेको पटकथा तथा संवाद रहेको फिल्ममा छायांकन डम्बर बहादुर राई, द्वन्द्व निर्देशन राजु किराँती, संगीत बाबुल गिरि, गीत जीवननाथ गौतम र नृत्य निर्देशन कमल राईको रहनेछ । आगामी बैशाख २० गतेबाट कोशी अञ्चलमा अवस्थित पहाडी जिल्ला धनकुटाका विभिन्न ठाउँमा छायांकन हुन लागेको फिल्मले ग्रामीण जीवनको कथा भन्ने निर्देशक बस्नेतले जानकारी दिए ।

# ताप्लेजुङ दुर्घटना : दोषी बिजुलीको तार कि राज्यको अक्षमता ?

काठमाडौं/सोमबार बिहान झिसमिसेमै पूर्वी नेपालको पवित्र धार्मिक स्थल पाथीभराबाट एक दर्दनाक खबर आयो । ताप्लेजुङ सदरमुकामबाट दर्शनार्थी लिएर पाथीभरातर्फ जाँदै गरेको मे १ भ ३०११ नम्बरको बोलेरो जिप फुङलिङ नगरपालिका-१० सेवारो चोक भन्ने स्थानमा लत्रिएको बिजुलीको तारमा अल्झिएर आगलागीको शिकार बन्यो ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा एसएसपी भीमबहादुर दाहालका अनुसार दुर्घटनामा ४ जनाको मृत्यु भएको छ । दुई जना घाइते छन् । मृत्यु हुनेमा ललितपुर महानगरपालिका-१० बस्ने सविना आचार्यकी छोरी १६ वर्षीया आध्या आचार्य, झापा भद्रपुर नगरपालिका १५ बस्ने ७० वर्षीय विनोद पौडेल, विनोद पौडेलकी श्रीमती ६९ वर्षीया सरिता पौडेल र चालक ताप्लेजुङ फुङलिङ-१० बस्ने अन्दाजी ४२ वर्षीय दुर्गा भट्टराई छन् । विनोद र सरिता सविनाका बुबाआमा हुन् ।

घाइते हुनेमा ललितपुर महानगरपालिका-१० बस्ने ४५ वर्षीया सबिना आचार्य र उनको १० वर्षीय छोरा भविमय आचार्य छन् । उनीहरूलाई उपचारका लागि हेलिकप्टरबाट काठमाडौं ल्याइएको छ । झट्ट हेर्दा यो दुर्घटना लत्रिएको बिजुलीको तारका कारण भएको देखिन्छ । तर, दुर्घटनास्थलको तस्वीर नियालेर हेर्दा जिप हिलाम्य सडकमा फसेको छ । मृतकको शव हिलोमा गडेको अवस्थामा देखिन्छ ।

जिल्ला समन्वय समितिका प्रमुख छिरिङ लामाका अनुसार जिप बिहान ३ बजेतिर हिँडेको देखिन्छ । त्यस समय बाटोमा हुस्सु लाग्छ । एक त कच्ची सडक, त्यसमाथि पानी परेपछि सडक हिलाम्य अवस्थामा छ । खाल्डो छलेर अगाडि बढ्ने क्रममा जिप बिजुलीको तारमा अल्झन पुगेको देखिन्छ ।

### हजारौं यात्रु, वर्षौंदेखि अलपत्र १० किलोमिटर सडक

फुङलिङदेखि सुकेटार विमानस्थलसम्मको सडक कालोपत्र छ । सुकेटारदेखि काफ्लेपाटीसम्मको सडक खण्डमा ट्र्याक खुलेको डेढ दशक पुगिसकेको छ । त्यसअघि यात्रु सुकेटारबाटै पैदल यात्रा गरी पाथीभरा माताको दर्शनमा जाने गर्थे । सडक ट्र्याक खुलेपछि यात्रा केही सहज बनेको थियो । तर, ट्र्याक खुलेको लामो समयसम्म सडक स्तरोन्नति र कालोपत्र गर्न नसक्दा यात्रुलाई सास्ती दोहोरिएको मात्र छैन, दुर्घटना निरन्तर बढ्दो क्रममा छ ।

जिसस ताप्लेजुङ प्रमुख लामा ठेकेदारको बेवास्ताका कारण सडक अलपत्र रहेको बताउँछन् । 'राज्यले पनि जति प्राथमिकता दिएर काम गराउनुपर्ने हो, त्यो गरेको देखिएन,' उनी भन्छन्, 'निर्माण कम्पनीले पनि काम नगर्दा धेरै सास्ती भएको छ ।'

सुकेटार-काफ्लेपाटी सडक कालोपत्र गर्न कन्टेक प्रालिले ठेक्का पाएको छ । यो सडक खण्ड ७ मिटर चौडाइ सहित कालोपत्र गर्ने योजना छ । आयोजनासँग पुस २०७८ मा सम्झौता भएको थियो । निर्माण कम्पनीसँगको सम्झौता अनुसार काम भएको भए असार २०८० मै आयोजनाको काम सक्नुपर्ने थियो । तर, अहिलेसम्म सडक कालोपत्र भएको छैन ।

सडक विभाग अन्तर्गत तमोर करिडोर (सुभाङखोला-दोभान-ओलाङचुङ्गोला) सडक योजनाका प्रमख अमिन्द्र खड्काका अनुसार लामो समयसम्म अलपत्र रहेको आयोजनाले यस वर्षबाट भने गति लिएको छ । 'देउराली भन्ने स्थानसम्म चालु आवमै ग्राभेल गरिसक्ने योजना छ,' उनले भने, 'बाँकी काम आगामी आवमा सक्ने गरी हामीले कामलाई रफ्तार दिएका छौं ।'

अहिले निर्माण कम्पनीले उपकरणहरू सडकमा राखेर आपतकालीन अवस्थामा सडक सुचारु गर्ने कामसमेत गरिरहेको भन्दै सोमबार पानी परेका कारण सडक बढी हिलाम्य भएको उनले बताए । 'पहिलाको तुलनामा सडक धेरै राम्रो भएको छ,' उनले संचारकर्मीसँग भने, 'आगामी वर्ष पिच नै सक्ने गरी हामीले काम गरिरहेका छौं ।' यस वर्ष ६ करोड रुपैयाँसम्मको दायित्व सिर्जना भएको उनले बताए ।

अहिले हरेक वर्ष ३ लाखभन्दा धेरै यात्रु पाथीभरा दर्शनमा पुग्ने गर्छन् । स्थानीय स्तरमा चल्ने जिप तथा व्यक्तिगत लैजाने सवारीसाधन मार्फत यात्रु पाथीभरा पुग्ने गर्छन् । हिउँद याममा धुलो र वर्षायाममा हिलोका कारण पाथीभरा जाने यात्रुले सास्ती बेहोर्नु परेको छ । पछिल्लो समय सरकार, स्थानीय र अन्य सरोकारवाला पाथीभरा क्षेत्रमा केबुलकार चाहिन्छ-चाहिँदैन भन्ने बहस र विवादमा छन् । तर, अत्यावश्यक सडक निर्माण र स्तरोन्नति भने प्राथमिकतामा छैन ।

*(स्रोत: अनलाइनखबर)*

# फाइनान्स कम्पनीहरूले बढाए नाफा, सुधारेनन् खराब कर्जा




काठमाडौं/सञ्चालनमा रहेका ग वर्गका १५ वटै वित्तीय संस्थाहरूले चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गरेका छन् । सार्वजनिक वित्तीय विवरणअनुसार चालु आर्थिक वर्ष चैत मसान्तसम्म पाँच वटा फाइनान्स कम्पनी नोक्सानीमा छन् भने बाँकी १० वटा नाफामा छन् । गत वर्ष सोही अवधिमा ८ वटा फाइनान्स कम्पनी नोक्सानीमा थिए ।

समग्रमा फाइनान्स कम्पनीहरुको नाफा रकम पनि बढेको छ । १५ वटा फाइनान्स कम्पनीको खुद नाफा १७ करोड ५८ लाख रुपैयाँ छ । गत वर्षको तेस्रो त्रैमासमा ३७ करोड ऋणात्मक थियो । पहिले नोक्सानमा रहेका प्रोग्रेसिभ, पोखरा, गुहेश्वरी, सेन्ट्रल र गुडविल फाइनान्स अहिले नाफामा गएका छन् । पहिले नाफामा रहेका बेस्ट र गोर्खाज फाइनान्स अहिले नोक्सानमा गएका छन् ।


साउनदेखि चैत मसान्तसम्म फाइनान्स कम्पनीमध्ये आईसीएफसीले सबैभन्दा धेरै १९ करोड ५० लाख रुपैयाँ खुद नाफा कमाएको छ । सो कम्पनीको वार्षिक प्रतिसेयर आम्दानी पनि सबैभन्दा धेरै २१ रुपैयाँ ९८ पैसा छ । जानाकी फाइनान्स सबैभन्दा धेरै १७ करोड ४७ लाख रुपैयाँ नोक्सानीमा छ । सो कम्पनीको वार्षिक प्रतिसेयर आम्दानी २०.७७ रुपैयाँ ऋणात्मक छ । निष्क्रिय कर्जा पनि सो कम्पनीको भारी मात्रामा बढेको छ ।

प्रोग्रेसिभ फाइनान्सको वित्तीय विवरण सबैभन्दा धेरै सुधारोन्मुख देखिएको छ । गत आर्थिक वर्षको तेस्रो त्रैमासमा ५ करोड ४९ लाख रुपैयाँ नोक्सानमा रहेको कम्पनीले यो आर्थिक वर्षको सोही अवधिमा ९ करोड ४ लाख नाफा कमाएको छ । उसले निष्क्रिय कर्जा समेत सुधारेको छ । पहिले ९.३४ प्रतिशत रहेको निष्क्रिय कर्जा अहिले ७.१५ मा झारेको छ ।

फाइनान्स कम्पनीहरुको सबैभन्दा कमजोर पक्ष नै बढ्दो निष्क्रिय कर्जा हो । निष्क्रिय कर्जा ४४ प्रतिशतसम्म पुगेको छ । ७ कम्पनीको निष्क्रिय कर्जा १० प्रतिशत भन्दा माथि छ भने दुई कम्पनीको ३० प्रतिशतभन्दा माथि छ । नोक्सानमा रहेसँगै पाँच फाइनान्स कम्पनीहरुको प्रतिसेयर आम्दानी ऋणात्मक भएको छ । समृद्धि, गोर्खाज, बेस्ट, जानाकी र रिलायन्स फाइनान्सको प्रतिसेयर आम्दानी ऋणात्मक भएको हो । आईसीएफसी फाइनान्सको प्रतिसेयर आम्दानी सबैभन्दा धेरै २१ रुपैयाँ ९८ पैसा छ ।

# 'ऊनको स्वीटर': 'काफ्ले' गीतमा नचाउँदै पारस र परीक्षाको पात्र परिचय

काठमाडौं/आगामी बैशाख २६ गतेबाट प्रदर्शन हुन लागेको अन्तरजातीय प्रेमकथामा आधारित फिल्म 'ऊनको स्वीटर'का प्रचार सामाग्रीहरुले दर्शकलाई आकर्षित गरिरहेका छन् । चाहे 'मखमली' गीत होस् वा गत साता सार्वजनिक 'काफ्ले' गीत, दुईवटै लोकप्रिय बनेका छन् । फिल्मको टिजरलाई पनि दर्शकले रुचाएका छन् । 'काफ्ले' गीतले त यतिबेला टिकटक जस्ता प्लेटफर्म कब्जा नै गरेको छ ।




गीतको भिडियो सार्वजनिक भएको ६ दिनमै युट्युबमा १४ लाखभन्दा धेरै भ्यूज मिलिसकेको छ । टिकटकमा मात्रै ५० हजार भन्दा बढी प्रयोगकर्ताले यसमा भिडियो बनाएका छन् । त्यसमा आम मानिसदेखि सेलिब्रेटीसम्म छन् । गीत सार्वजनिक कार्यक्रममा प्रत्यक्ष प्रस्तुति दिएका झुमा लिम्बू र सुजन चापागाईंको भिडियो क्लिप्स समेत टिकटकमा छ्यापछ्याप्ती छ ।

गीतले लोभलाग्दो चर्चा बटुलिरहँदा निर्माण टिमले फरक शैलीमा फिल्मका दुई सहायक कलाकार परीक्षा लिम्बू र एलेक्स पारसको पात्र परिचय गराएको छ । टिकटक, फेसबुक-इन्स्टा रिल्स र युट्युब शर्ट्सर्मार्फत उनीहरुले 'काफ्ले' गीतमा नृत्य गरेको भिडियो सार्वजनिक गर्दै फिल्ममा परीक्षा ईक्सा लिम्बू र पारस डम्बर काफ्लेको भूमिकामा रहेको जनाइएको छ ।

कलाकारहरूको पात्र परिचय गराउन नयाँ शैली अपनाइएको विषयमा फिल्मका निर्देशक नवीन चौहान भन्छन्, 'पात्र परिचयको रूपमा सार्वजनिक गरिएको भिडियोहरू छोटो समयमा नै लाखौं दर्शकले हेरि सक्नु भएको छ । हामीले पोस्टर मार्फत् पात्र परिचय गराएको भए यति धेरै दर्शकमाझ यति छिटो पुग्ने थिएन होला । यसैले प्रविधिलाई अंगाल्नु अहिलेको अपरिहार्यता हो ।'

सांगीतिक कम्पनी आर्टमाण्डूको निर्माण रहेको फिल्ममा विपिन कार्की र मिरुना मगर मुख्य भूमिकामा छन् । विल्सन विक्रम राई, सुनिल पोखरेल, माओत्से गुरुङ, प्रेम सुब्बा, सुरज तमु, भावना खपाङ्गी मगर लगायतको पनि फिल्ममा अभिनय छ । चिन्तनराज भण्डारीको छायांकन र कृष्ण भण्डारीको सम्पादन रहेको फिल्ममा नवीन चौहानको लेखन तथा सुरज कटुवालको सह-लेखन छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# कैलाशमा एडभान्स हाते ट्याक्टर मर्मत तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ मकवानपुरको कैलाश गाउँपालिकामा १० दिने एडभान्स हाते ट्याक्टर मर्मत तालिम भएको छ । गाउँपालिकाको उद्यम विकास शाखाले गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम (मेड्पा) अन्तरगत मर्मत तालिम सञ्चालन गरेको हो ।



सोमबार तालिम समापन कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले गाउँपालिकामा कृषकले खेतीपाती हलगोरु पालेर परम्परागत रुपमा गर्दै आइरहेको अवस्थामा पछिल्लो समय प्रविधिसँग जोडिँदै गएको बताए । 'गाउँपालिकाभित्र व्यक्तिगत र कृषक समूहमार्फत अनुदान कार्यक्रम अन्तर गत पाँच सय भन्दा बढी हाते ट्याक्टर रहेको अनुमान छ, ति ट्याक्टर बिग्रेपछि थन्क्याएर राख्नुपर्ने बाध्यता अब अन्त्य हुनेछ' अध्यक्ष मुक्तानले भने । ट्याक्टर मर्मत तालिमले अब ती मर्मत गरेर पुन: सञ्चालन गर्न सकिने उनको भनाई रहेको थियो ।

मर्मत गर्न मनहरी कि त हेटौंडाबाट प्राविधिक बोलाउनु पर्ने र बोलाउँदा खर्चको भार कृषकको बढ्ने अवस्था थियो, अब यस तालिमपश्चात सामान्य मर्मत गर्न अब घरमै सकिने भएकाले केही सहजता बनेको अध्यक्ष मुक्तानले बताए । सिकेको सीपलाई कार्यान्वयन गर्न आग्रह गर्दै गाउँघरका माटोको अवस्था कस्तो छ ? रसायनिक मल प्रयोगले माटोको उत्पादनशक्तिको अवस्थाबारे पनि थाहा पाउनुपर्ने जरुरी रहेको बताए । उनले यी मर्मत तालिमलाई आगामी दिनमा प्राथमिकतामा राखेर तालिम प्रदान गरिने बताएका छन् ।

कृषिलाई यान्त्रिकरण गर्ने क्रममा गाउँघरमा हाते ट्याक्टर वितरण गरिएको अवस्था छ, ती मेशिनरी वस्तु बिग्रेपछि मर्मत गर्न कठिनाई रहेको अवस्थामा मर्मत तालिम प्रदान गरेका हौं, उपाध्यक्ष बालकुमार मल्लले भने । मर्मतको सीपले खर्चको भार कम हुनुका साथै अन्य ट्याक्टर मर्मतले आयआर्जनको स्रोत समेत वृद्धि हुने उपाध्यक्ष मल्लले बताए । लघुउद्यम सीपले गरिबी निवारणमा टेवा पुग्ने प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठले बताए । आफ्नो घरको मात्र नभई गाउँघरका अन्य ट्याक्टर पनि मर्मत गरेर सीप प्रदर्शन गर्न सहभागिलाई आग्रह गरेका छन् ।

समय र स्रोतसाधनको कमी रहेकाले आगामी दिनमा थप तालिमको व्यवस्था गरिने श्रेष्ठले बताए । वडा ८ का वडाध्यक्ष आशिष प्रजाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष मुक्तानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मल्ल, प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठ, वडासदस्य विविराज थिङ, प्रशिक्षक दुर्गाबहादुर बोम्जन, वडा ७ का सचिव प्रकाश अर्याल, उद्यम विकास प्रमुख प्रमिला अर्याल, कृषिप्राविधिक प्रताप थिङलगायतको आतिथ्यता रहेको थियो ।

वडा नम्बर ८ भार्तामा चैत्र २९ गतेबाट सुरु भएको तालिम १० दिनसम्म सञ्चालन भएको उद्यम विकास प्रमुख प्रमिला अर्यालले बताइन् । तालिममा १६ जनाको सहभागिता रहेको थियो । तालिमलाई दुर्गाबहादुर बोम्जनले प्रशिक्षण गरेको प्रमुख अर्यालले बताइन् । सामान्य मर्मतका लागि पनि प्राविधिक बाहिरबाट ल्याउँदा खर्चिलो बढी हुने अवस्थामा धेरै सीप नजानेता पनि घरमा भएको साधनको मर्मत गर्न सकिने सहभागीले बताएका छन् ।

# मेलमिलापकर्ताको लागि पुनर्ताजगी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ मकवानपुरगढी गाउँपालिकामा रहेका मेलमिलापकर्तालाई एकदिने पुनर्ताजगी तालिम सोमबार सम्पन्न भएको छ । मकवानपुरगढी गाउँपालिका न्यायिक समितिको आयोजनामा भएको कार्यक्रममा ८ वटा वडाका २४ जना मेलमिलाकर्ताको सहभागिता थियो ।

गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजक मानकुमारी पाखिन 'नेपाली'को अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका न्यायिक समितिका अधिबक्ता रामशरण लामिछानेले प्रशिक्षण प्रदान गरेका थिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजक पाख्रिनले स्थानीय तहमा देखिने विवाद समाधानमा न्यायिक समितिले महत्वपूर्ण भूमिका खेल्दै आएको बताइन् । उनले न्याय पाउने कार्यलाई सहज बनाउन वडा तहबाटै मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्दै लगिने बताइन् ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुधन लामिछानेले न्यायिक समितिलाई प्रभावकारी बनाउनको लागि आफ्नो तर्फबाट पहल गर्ने बताए । कार्यक्रममा प्रशिक्षक लामिछानेले मेलमिलापकर्ताको काम कर्तव्य र अधिकारको विषयमा प्रशिक्षण दिएका थिए ।

सहभागीले मेलमिलाप केन्द्र व्यवस्थित नहुँदा काम गर्न समस्या भएको गुनासो गरेका छन् । न्यायिक समिति सदस्य शुकराम थिङ, रामप्रसाद चौरेल, मकवानपुरगढी गाउँपालिका प्रशासनप्रमुख रघुनाथ हुम्मागाई, महिला बालबालिका शाखाप्रमुख सावित्री सापकोटा, वडा कार्यालयका सचिव तथा कर्मचारीको उपस्थिति रहेको थियो ।

# गढीमा 'पढ्दै कमाउँदै' कार्यक्रम सञ्चालन हुने

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ मकवानपुरगढी गाउँपालिकाले विद्यार्थीका लागि पढ्दै कमाउँदै (लर्निङ् बाई अर्निङ्) कार्यक्रम सञ्चालन गर्ने भएको छ ।




पालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम अनुसार कृषि विकासअन्तर्गत प्राविधिक विधामा अध्ययन गर्ने विद्यार्थीका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न लागिएको मकवानपुरगढी गाउँपालिका कृषि शाखाका प्रमुख गोपाल लम्सालले जानकारी दिए । 'कार्यक्रमका लागि ३ लाख बजेट बिनियोजन गरिएको छ' उनले भने । प्राविधिक विधा अध्यापन गराउने विद्यालयलाई यो कार्यक्रम सञ्चालन गर्नका लागि चैत २७ गते दोस्रोपटक प्रस्ताव आह्वान गरिएको उनले बताए । पहिलोपटक चैत ४ गते सूचना प्रकाशन गरिएको थियो ।

पालिकाले प्राविधिक विषय (कृषिबाली विज्ञान) अध्ययन गर्ने विद्यार्थी, बाली उत्पादन गर्ने जमिन भएको विद्यालयलाई विशेष प्राथमिकतामा राखेको छ । बिनियोजित बजेट उत्पादन सामग्री, प्रविधि, सिंचाई, यान्त्रिकरण क्षमता अभिवृद्धिलगायत कार्यमा ८० प्रतिशत लगानी गर्ने शाखाप्रमुख लम्सालले जानकारी दिए । आवेदन परेकाबाट उत्कृष्ट प्राविधिक शैक्षिक संस्था छनोट गरी तत्काल कार्यक्रम सुरु गरिने उनले बताए । उत्पादन बिक्रीबाट आएको आम्दानीलाई 'पढ्दै कमाउँदै' कोषमा राखेर त्यसलाई 'सिड मनी'का रुपमा प्रयोग गर्न सकिनेछ ।

त्यसलाई सिड मनिका रुपमा इच्छुक विद्यार्थीले आफ्नो घरमा कृषिखेती गर्न चाहेमा आवश्यक बीउ, मल, प्रविधि लिन सक्ने उनले बताए । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी भविष्यमा उद्यमी, व्यावसायिक, सीपयुक्त एवम् स्वावलम्बी नागरिक उत्पादन गर्न यस कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने पालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले बताए ।

गत आर्थिक बर्षदेखि निमित बजेट व्यवस्थापन गर्दै आएको र यस कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिइने उनको भनाई छ । गत आबमा मकवानपुरगढी-२ मा रहेको बंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) यसै कार्यक्रमका लागि २ लाख बजेट उपलब्ध गराएको थियो । जसबाट विद्यालयले गड्यौला प्ल्यान्ट निर्माण गरेको थियो । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडेर भविष्यमा स्वावलम्बी नागरिक उत्पादन गर्ने मुख्य लक्ष्यसहित संघीय सरकारले यसअघि नै विद्यालय तहमा पढ्दै कमाउँदै कार्यक्रम लागू गरेको हो ।

# मध्यपृतनापति ट्रफीको उपाधि ७ नम्बर बाहिनीलाई



साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ मध्यपृतनापति ट्रफी-२०८२ को उपाधि मकवानपुरको चनवनस्थित ७ नम्बर बाहिनीले जितेको छ ।

बैशाख १ गतेदेखि ८ गतेसम्म सञ्चालन भएको विभिन्न ८ विधाका खेलमा उत्कृष्ट प्रदर्शन गर्दै ७ नम्बर बाहिनीले उपाधि हात पारेको हो । प्रतियोगिताको अन्तिम दिन सोमबार सुपारेटार ब्यारेकस्थित मैदानमा आयोजित समापन कार्यक्रममा पृतनापति हरेन्द्र पाठकले च्याम्पियन बन्न सफल बाहिनीका बाहिनीपति कमल बानियाँलाई ट्रफी प्रदान गरेका हुन् । ७ नम्बर बाहीनीले फुटबल, भलिवल, एथ्लेटिक्स, तेक्वान्दो तथा जुडो खेलतर्फ उत्कृष्ट नतिजा ल्याएको थियो । यस्तै, बाहिनीपति ट्रफी २०८२, ६ नम्बर बाहिनीअन्तर्गत शेर गण र ७ नम्बर बाहिनीअन्तर्गत गोरखबहादुर गणले जितेका छन् ।

प्रतियोगिताअन्तर्गत फुटबलतर्फ उत्कृष्ट अंक प्राप्त गरी गोरखबहादुर गणले फुटबल च्याम्पियन ट्रफी प्राप्त गरेको छ । गोरखबहादुर गणले सोमबार बिहान भएको फाइनल खेलमा नयाँ सबुज गणलाई २-१ गोलअन्तरले पराजित गरेको थियो । यस प्रतियोगितामा फुटबल, भलिबल, बास्केटबल, तेक्वान्दो, बक्सिङ, जुडो, एथ्लेटिक्स र स्वीमिङ गरी ८ वटा विधाका खेल सञ्चालन भएका थिए । कार्यक्रममा प्रमुखअतिथि मध्यपृतना मुख्यालयका पृतनापति उपरथी हरेन्द्र पाठकले उत्कृष्ट खेल प्रतिभाको खोजी गरी राष्ट्रिय खेलकुदमा स्थापित गर्ने र प्रधानसेनापति ट्रफी २०८२ का लागि योग्य खेलाडी छनोट गर्ने उद्देश्यले मध्यपृतनापति ट्रफी आयोजना गरिएको बताए ।

यस पृतनाले नेपाली सेनाले हरेक वर्ष संचालन गर्ने प्रधानसेनापति ट्रफीमा पाँच पटकसम्म प्रथम स्थान हासिल गर्न सफल भएको छ भने चारपटक द्वितीय स्थान हासिल गरेको छ । नेपाली सेनाका खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै आएका छन् ।

# नाबालिक छोरीलाई बलात्कार गरेको आरोपमा बाबु पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ नाबालिक छोरीलाई बलात्कार गरेको आरोपमा मकवानपुरमा आइतबार बेलुका एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । मकवानपुरको थाहा नगरपालिकाकी १३ वर्षीया छोरीलाई पटकपटक बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय पालुङ्ले उनका ३६ वर्षीय बाबुलाई पक्राउ गरेको हो ।

जेठी श्रीमतीकी छोरीलाई बाबुले कात्तिक महिनादेखि पटकपटक बलात्कार गर्दै आएका थिए । जेठी श्रीमती छोरी घरमा छोडेर दोस्रो विवाह गरेर गएकी थिइन् । बाबुले पटकपटक बलात्कार गरेपछि सहन नसकेर बालिकाले फुपुलाई पीडा सुनाएकी थिइन् । फुपुहरुको सहयोगमा इलाका प्रहरी कार्यालय पालुङमा उनले उजुरी दिएकी थिइन् । उजुरीकै आधारमा बाबुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताए ।

यसैगरी, थाहा नगरपालिका-१२ का एक व्यक्तिले गत महिना ८० वर्षीया वृद्धा आमालाई बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय पालुङ्ले पक्राउ गरेको थियो । इलाका प्रहरी कार्यालय पालुङ्ले दुवै आरोपीलाई हाडनाता बलात्कारमा मुद्दा चलाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार चालु आवको १० महिनामा २२ बालिका बलात्कृत भएका छन् । यस अवधिमा ३८ वटा बलात्कारका घटना भएका छन् ।

# पालुङ बहुमुखी क्याम्पसको २२ औं वार्षिकोत्सव, परिषद भेला

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ पालुङ बहुमुखी क्याम्पसको २२ औं वार्षिकोत्सव तथा परिषद भेला सम्पन्न भएको छ । क्याम्पस अध्यक्ष तथा थाहानगरप्रमुख बिष्णु बिष्ट आदर्शको अध्यक्षतामा पालुङ क्याम्पसको सभाहलमा परिषद भेला भएको हो ।

परिषद भेला उद्घाटन समारोहलाई सम्बोधन गर्दै परिषद् अध्यक्ष बिष्टले थाहानगरको शैक्षिक विकासको धरोहरको रुपमा रहेको पालुङ बहुमुखी क्याम्पसको महत्वपूर्ण भूमिका रहने बताए । क्याम्पसको विकासको लागि नगरले सक्दो सहयोग गरिरहने उनले प्रतिबद्धता व्यक्त गरे । उनले शिक्षामा सहयोग जति गरेपनि अपुग हुने बताउँदै सामुदायिक क्याम्पस टिकाउन समस्या रहेको तर, समस्याको बाबजुद स्थानीयले क्याम्पस टिकाइरहेको उल्लेख गरे ।

त्रिभुवन विश्वविद्यालयका प्रतिनिधि राजमान महर्जनले जीवन र जगतलाई बुझ्ने र समाजप्रतिको उत्तरदायित्व हुने शिक्षा नै आजको आवश्यकता भएको औल्याएका छन् । आर्थिक अभाव कै कारण क्याम्पस बन्द हुने अवस्था आउन नदिने बताउँदै उनले प्रविधिमैत्री शिक्षाका लागि विश्वविद्यालय तत्पर रहेको बताए ।

वार्षिकोत्सव समारोहमा क्याम्पस अध्यक्ष बिष्टले आफ्नो वार्षिक नीति तथा कार्यक्रम, क्याम्पसप्रमुख राजन मिश्रले क्याम्पसको वर्तमान अवस्था र भावी योजनाको प्रतिवेदन र क्याम्पसका कोषाध्यक्ष बिमलकुमार ढकालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । वार्षिकोत्सवको अवसरमा विभिन्न संघसंस्थाले प्रदान गर्ने छात्रवृत्ति समेत प्रदान गरिएको थियो ।

# महिला गोल्डकपमा स्कुटरको प्रायोजन बानिंयाले गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ बैशाख १९ गतेदेखि हेटौंडामा हुने भनिएको राष्ट्रिय महिला गोल्डकप नकआउट फुटबल प्रतियोगिताको सर्वश्रेष्ठ खेलाडीले पाउने स्कुटर पुरस्कार प्रायोजकको पनि टुंगो लागेको छ ।

मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा हुने महिला गोल्डकप फुटबल प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले प्राप्त गर्ने स्कुटरको प्रायोजन नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् बागमती प्रदेशसभाका सांसद ईन्द्रबहादुर बानियाँले प्रायोजन गरेका हुन् । सोही प्रायोजनका लागि एक कार्यक्रमको आयोजना गरी मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीका लामा र नेता बानियाँबच सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ ।

खेलप्रेमी अभियन्ताका रुपमा पनि सक्रिय बानियाँले जिल्ला फुटबल संघको हरेक कार्यक्रममा सहयोग गर्दै आइरहेका छन् । बानियाँको सहयोगले थप हौसला मिलेको मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष लामाले बताए । गौरीटार रंगशालामा हुने महिला गोल्डकपको विजेताले उपाधिसहित नगद ५ लाख हात पार्नेछ । उपविजेताले ३ लाख प्राप्त गर्नेछ । प्रतियोगितामा तीन विभागीय टोलीसहित कुल ८ टोलीले सहभागिता जनाउने आयोजकले जानकारी दिएको छ ।

## वाईसियल मकवानपुरको सम्मेलन बैशाख १३ मा,

# पूर्वउपराष्ट्रपति पुनले उद्घाटन गर्ने

हेटौंडा, ८ बैशाख/ नेकपा (माओवादी केन्द्र) को सहायक संगठन योथ कम्युनिष्ट लिग (वाईसियल) नेपाल मकवानपुरको पाँचौ जिल्ला सम्मेलन आगामी बैशाख १३ गते हेटौंडामा हुने भएको छ ।

हेटौंडाको पल्पसासदनमा हुने सम्मेलनको उद्घाटन पूर्वउपराष्ट्रपति एवम् नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष नन्दकिशोर पुन 'पासाङ'ले गर्ने वाईसियल मकवानपुरका अध्यक्ष लबराज ठकुरीले बताए । उद्घाटनका लागि नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवम् वाईसियल नेपालका फ्रयाक्सन ईञ्चार्ज रामप्रसाद सापकोटा 'दीपशिखा' लगायतको आतिथ्यता रहनेछ । जिल्ला सम्मेलनको तयारी तीब्र भइरहेको र प्रतिनिधि चयनको क्रममा रहेको वाईसियल मकवानपुर अध्यक्ष ठकुरीले बताए ।







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना